# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


Volume 17, Issue 12 No. 108 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Ashadh 2075 (July-2018)


# आगामी आर्थिक वर्षका लागि बजेट प्रस्ताव






नेपाल टेलिकमले आगामी आर्थिक वर्ष २०७५/७६ को लागि वार्षिक बजेट तथा कार्यक्रम बारे छलफल गरी प्रस्ताव तयार गरेको छ। कम्पनीको सञ्चालक समितिबाट स्वीकृत गरी सो बजेट तथा कार्यक्रम आगामी आर्थिक वर्षको आरम्भसँगै कार्यान्वयनमा ल्याइने छ।

कम्पनीको केन्द्रीय कार्यालयमा गत जेठ १० गते आयोजित उक्त छलफल कार्यक्रममा चालु आर्थिक वर्ष २०७४/७५ को ९ महिनाको प्रगति विवरण समेत प्रस्तुत गरिएको थियो। कार्यक्रममा सेवा विस्तार, राजस्व बृद्धि र खर्च मितव्ययितामा जोड दिइनु पर्ने कुराले प्राथमिकता पाएको थियो।

छलफल कार्यक्रमको आरम्भ गर्दै कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले आगामी आर्थिक वर्षमा विशेष गरी फोरजी, एफटीटीएच जस्ता आयोजनामा कम्पनीको ध्यान केन्द्रीत हुने बताउनु भयो। उहाँले डाटा सेवामा प्राथमिकता, मर्मत सम्भारमा तदारुकता, ग्राहक गुनासो न्यूनीकरण र योजना कार्यान्वयनमा मुख्य ध्यान केन्द्रीत गर्नुपर्ने र त्यसका लागि समयमै योजना कार्यान्वयन, रियल टाइम डकुमेन्टको निर्माण, पुरानो प्रविधिको प्रतिस्थापन तथा ग्राहक सेवा विस्तार र गुणस्तर सुधारमा जोड दिनुपर्ने बताउनु भयो।

सो अवसरमा कम्पनीका प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेलले आर्थिक वर्ष २०७४/७५ को भौतिक तथा वित्तीय प्रगति समीक्षा र आगामी आर्थिक वर्ष २०७५/७६ को वार्षिक कार्यक्रम छलफलका लागि

(बाँकी २ पेजमा)

## एक करोड भन्दा बढी डाटा प्रयोगकर्ता

नेपाल टेलिकमको डाटा सेवाका प्रयोगकर्ता एक करोड भन्दा बढी पुगेका छन्। कम्पनीले हालै प्रकाशित गरेको पछिल्लो अर्थात २०७४ चैत महिनाको एमआईएस रिपोर्ट (MIS Report) अनुसार डाटा सेवाका प्रयोगकर्ता १ करोड १ लाख ५४ हजार छन्।

सो अनुसार जीएसएम डाटा सेवाका प्रयोगकर्ता ९७ लाख ९५ हजार १ सय, सीडीएमए डाटा सेवाका प्रयोगकर्ता १ लाख ३६ हजार ५ सय, वाइम्याक्स सेवाका १७ हजार र एडीएसएलका १ लाख ९९ हजार ७ सय प्रयोगकर्ता छन्।

२०७४ असार मसान्त सम्ममा कम्पनीको डाटा सेवाका ग्राहक आधार ८४ लाख २५ हजार ८ सय ९४ रहेकोमा २०७४ चैत अन्त्य सम्ममा यो संख्या १ करोड १ लाख ५४ हजार पुगेको छ। यस अनुसार २०७४ असारसम्मको ग्राहक आधारको तुलनामा चालु आर्थिक वर्षको नौ महिनाको अवधिमा कम्पनीको डाटा सेवाका ग्राहक आधार २०.५१ प्रतिशतले वृद्धि भएको देखिएको छ।

रिपोर्ट अनुसार २०७४ चैत मसान्त सम्म नेपाल टेलिकमका फोरजी डाटा प्रयोगकर्ता ५

(बाँकी २ पेजमा)

## अप्टिकल फाइबर विस्तारमा तीव्रता

नेपाल टेलिकमले आफ्ना सेवाहरुको स्तरोन्नती गर्दै सेवाको गुणस्तर बृद्धि गर्न अप्टिकल फाइबर नेटवर्क विस्तार कार्यलाई तीव्रताका साथ अघि बढाइरहेको छ।

कम्पनीले २०७५ असार मसान्तसम्म ४ सय किलोमिटर एडीएसएस (All Dielectric Self-Supporting System) अप्टिकल फाइबर जडान सम्पन्न गर्ने लक्ष्य राखेकोमा बैशाख मसान्तसम्ममा ३ सय ७५ किलोमिटर जडान सम्पन्न भइसकेको छ। अब असार मसान्तसम्म थप १ सय ७५ किलोमिटर नेटवर्क जडान गर्ने कार्य सम्पन्न हुनेछ। आगामी आर्थिक वर्ष २०७५/७६ को प्रथम चौमासिक अवधिमा बाँकी ४ सय ५० किलोमिटर थप जडान कार्य सम्पन्न गरी कुल १ हजार किलोमिटर अप्टिकल फाइबर नेटवर्क तयार गर्ने लक्ष्य रहेको छ।

हालसम्म सम्पन्न भएका नेटवर्कहरुमा बसन्तपुर-तिरतिरे-पिलुवा-चैनपुर-तुम्लिङटार-खादबारी, हिले-भोजपुर, डडेलधुरा-दिपायल, दिपायल-सिलगढी-साँफेबगर-मंगलसेन र लमही-तुलसिपुर रहेका छन्। त्यसैगरी तामाकोशी पुल-खिम्ती-मन्थली-सिन्धुली बीचको ११५.८० किलोमिटर मध्ये ९० किलोमिटर

(बाँकी २ पेजमा)

## सार्वजनिक संस्थानहरू मध्ये कम्पनीको खुद नाफा बढी

नेपाल टेलिकमले आर्थिक वर्ष २०७३/७४ मा १५ अर्ब ३७ करोड २८ लाख रुपैयाँ नाफा गरेर सार्वजनिक संस्थानहरु मध्ये खुद नाफा गर्ने संस्थाको रुपमा अग्रपंक्तिमा रहन सफल भएको छ। नेपाल सरकारले सार्वजनिक गरेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन २०७५ मा सो तथ्य उल्लेख गरिएको छ। प्रतिवेदन अनुसार संस्थानहरुको जम्मा खुद नाफामा कम्पनीको हिस्सा ३६ प्रतिशत रहेको छ।

उक्त प्रतिवेदन अनुसार जनउपयोगी क्षेत्र अन्तर्गत सञ्चालित पाँच वटा संस्थानहरुको सञ्चालन आय आर्थिक वर्ष २०७३/७४ मा गत वर्षको तुलनामा २०.२ प्रतिशत वृद्धि भई रु. ८७ अर्ब ७७ करोड ४३ लाख पुगेको छ। क्षेत्रगत रुपमा सञ्चालन आयको आधारमा यो क्षेत्र दोस्रो स्थानमा रहेको छ।

नेपाल सरकारको ९१.४ प्रतिशत शेयर स्वामित्व रहेको नेपाल टेलिकमले सो आ.व. मा सबैभन्दा बढी खुद नाफा आर्जन गरेको छ। कुल सञ्चालन आयमा कम्पनीको सञ्चालन आयको अंश १२.५ प्रतिशत रहेको छ। सञ्चित नाफाको अवस्था हेर्दा कम्पनीमा रु. ७६ अर्ब ३३ करोड ०८ लाख रहेको छ। यस आर्थिक वर्षमा नेपाल टेलिकमबाट

(बाँकी २ पेजमा)

## आगामी आर्थिक वर्षका ...

(१ पेजको बाँकी)

प्रस्तुत गर्नुभएको थियो । उहाँले ग्राहक आधार वृद्धि, ग्राहक रिटेन्सन र राजस्व तथा मुनाफा वृद्धिमा बजेट केन्द्रीत रहेको बताउदै कम्पनीका स्रोत तथा साधनहरुलाई अधिकतम परिचालन गरी उच्च प्रतिफल हासिल गर्ने लक्ष्य राखिएको बताउनु भयो ।

छलफल कार्यक्रममा कम्पनीका सञ्चालक (कर्मचारी प्रतिनिधि) राज बहादुर रावलले कम्पनीका सम्पूर्ण कर्मचारीहरुले आ-आफ्नो जिम्मेवारी बोध गरेर कर्तव्य निर्वाह गरेमात्र प्रतिस्पर्धी वातावरणमा कम्पनी समृद्ध हुन सक्ने बताउनु भयो । उहाँले सेवा विस्तार, गुणस्तर सुधार तथा कर्मचारीका हकहितको सवालमा सबैको सुझाव समेटेर अगाडि बढ्नुपर्ने बताउनु भयो ।

कम्पनीको आधिकारिक ट्रेड युनियनका तर्फबाट नेपाल दूरसञ्चार कर्मचारी संघका बरिष्ठ उपाध्यक्ष लोक बहादुर कटुवालले बजेट सन्तोषजनक भए तापनि उत्साहजनक नभएकोले यसलाई अझ प्रभावकारी र यथार्थपरक बनाउदै यसको कार्यान्वयनमा सबैको ध्यान केन्द्रीत हुनु पर्ने बताउनु भयो ।

उक्त छलफल कार्यक्रममा कम्पनीका नायब प्रबन्ध निर्देशकहरु, निर्देशकहरु र विभागीय प्रमुखहरुले चालु आर्थिक वर्षको वित्तीय तथा भौतिक प्रगतिको समीक्षा गर्दै आगामी आर्थिक वर्षको लागि आफू अन्तर्गतका विभाग तथा निर्देशनालयहरुको बजेट तथा कार्यक्रमहरुको योजना प्रस्तुत गर्नुभएको थियो ।

छलफल कार्यक्रममा कम्पनीका अन्य बरिष्ठ अधिकृतहरु र सम्बन्धित कर्मचारीहरुको समेत उपस्थिति थियो ।

## सार्वजनिक संस्थानहरु ...

(१ पेजको बाँकी)

६ अर्ब ९९ करोड ९२ लाख नेपाल सरकारलाई लाभांश उपलब्ध भएको छ । लाभांशमा सबैभन्दा बढी नेपाल टेलिकमको हिस्सा रहेको छ । गत आर्थिक वर्षमा सरकारले पाएको कुल लाभांशमा ८९.९ प्रतिशत टेलिकमको हिस्सा रहेको छ ।

# उच्च गतिको FTTH सेवा वितरण

नेपाल टेलिकमले मुलुकभरिका शहरी क्षेत्रहरुमा उच्च गतिको डाटा सेवा उपलब्ध गराउने योजना अनुरुप पहिले भन्दा उच्च गतिको एफटीटीएच (Fiber To The Home - FTTH) सेवा वितरण आरम्भ गरेको छ । यस अनुरुप कम्पनीले राजधानीको कीर्तिपुरबाट पहिलो पटक गत जेठ २७ गते सेवा वितरण आरम्भ गरेको छ ।

अब राजधानीका सैंबु, ठिमी, गोठाटार, सुन्धारा, नक्साल, गोंगबु आदि एक्सचेन्जबाट समेत सो सेवा वितरण गरिने छ ।

कम्पनीले एफटीटीएच सेवा वृहत रुपमा विस्तारको लागि आवश्यक पूर्वाधार निर्माण गरिरहेको छ । यसका लागि विभिन्न स्थानमा क्याबिनेटहरु जडान गरेर एफटीटीएच नेटवर्क तयार गरी सेवा विस्तार आरम्भ गर्ने योजना बनाएको छ ।

उपभोक्ताहरुको आवश्यकतालाई मध्यनजर गर्दै विभिन्न किसिमका सेवा प्रदान गर्ने उद्देश्य अनुरुप कम्पनीले यसका लागि तयारी गरेको हो । परम्परागत तामाको तारको सट्टामा ग्राहकहरुको घरसम्म अप्टिकल फाइबर पुर्‍याई Triple Play (Voice, High Speed Internet, Video) सेवाहरु प्रदान गर्न सकिने भएकोले ग्राहकहरुको लागि यो सेवा प्रभावकारी रहने छ ।

अब क्रमिक रुपमा काठमाडौं उपत्यकाभित्रका अन्य स्थानहरु तथा उपत्यका बाहिरका शहरी क्षेत्रहरुमा एफटीटीएच नेटवर्क तयार गरी सेवा बिस्तार गर्ने लक्ष्य राखिएको छ ।

IP Based प्रविधि अन्तर्गतको एफटीटीएच सेवामा उच्च गतिको गुणस्तरीय डाटा (High Speed Internet) का साथसाथै Voice सेवा समेत उपलब्ध हुनेछ भने निकट भविष्यमा IPTV सेवा समेत सञ्चालनको तयारी भइरहेको छ ।

एफटीटीएच सेवामा ग्राहकको आकर्षण बढाउनका लागि कम्पनीले हाल समर अफरको रुपमा एफटीटीएच ग्राहकको लागि नयाँ महसुल दर समेत निर्धारण गरेको छ । व्यक्तिगत र कर्पोरेट ग्राहकका लागि फरक फरक महसुल दर तोकिएको छ ।

पहिले एडीएसएल प्रयोग गरिरहेका ग्राहकले एफटीटीएच प्रयोग गर्न चाहेमा उनीहरुका लागि छुट्टै महसुल दर निर्धारण गरिएको छ । यस्ता ग्राहकका लागि ८ एमबीपीएस गतिको एफटीटीएच उपलब्ध गराइने छ ।

नयाँ व्यक्तिगत ग्राहकका लागि १८, ३५ र ५५ एमबीपीएस सम्म गतिको एफटीटीएच उपलब्ध गराइने छ । कर्पोरेट ग्राहकहरुका लागि १० र २० एमबीपीएस गतिको अनलिमिटेड एफटीटीएच उपलब्ध हुनेछ ।

## एक करोड भन्दा बढी ...

(१ पेजको बाँकी)

लाख ५९ हजार १ सय ७२ छन् । नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको पछिल्लो २०७४ फागुनको एमआईएस रिपोर्ट अनुसार नेपाल टेलिकमको फोरजी डाटा प्रयोगकर्ता ५ लाख ४७ हजार ५ सय ८ छन् । यस अनुसार समग्र फोरजी डाटा प्रयोगकर्ता मध्ये ३८.५८ प्रतिशत नेपाल टेलिकमका फोरजी डाटा प्रयोगकर्ता छन् ।

गत २०७४ चैत महिनाको अन्त्यसम्ममा नेपाल टेलिकमको टेलिफोन सेवाका ग्राहक आधार १ करोड ९३ लाख २२ हजार ८ सय ५५ रहेको छ । यसअनुसार जीएसएम मोबाइल सेवाका ग्राहक १ करोड ६९ लाख ४४ हजार ५ सय ३९, सीडीएमए सेवाका ग्राहक १६ लाख ८८ हजार ३ सय ५१ तथा पीएसटीएन टेलिफोन सेवाका ग्राहक ६ लाख ८९ हजार ३ सय ७३ रहेका छन् ।

कम्पनीले सेवाग्राहीहरुको सुविधाका लागि हाल सस्तो दरका विभिन्न प्रकारका प्याकेज र अफरहरु उपलब्ध गराइरहेको छ । यस्ता प्याकेज र अफरहरुका कारण पनि कम्पनीका डाटा प्रयोगकर्ताको संख्या बढिरहेको छ ।

डाटा सेवाका लागि कम्पनीले हाल ५ एमबीपीएससम्म गतिको अनलिमिटेड एडीएसएल इन्टरनेट सेवा मासिक न्यूनतम ५ सय ८३ रुपैयाँ सम्मको मूल्यमा उपलब्ध गराइरहेको छ ।

## अप्टिकल फाइबर ...

(१ पेजको बाँकी)

सम्पन्न भएको छ भने बेनी-जोमसोम बीचको ११३.४४ किलोमिटर रुट मध्ये ९५ किलोमिटरमा अप्टिकल फाइबर जडान गर्ने कार्य सम्पन्न भइसकेको छ ।

यस्तै बुड्डी-बिजगौरी, तौलिहवा-मर्यादापुर, डण्डाबजार-चोरमारा, तौलिहवा-बहादुरगञ्ज र कोहलपुर-लम्कीलाई जोड्ने १६३.२ किलोमिटर लामो अन्डरग्राउन्ड अप्टिकल फाइबर नेटवर्क हाल जडान तथा परीक्षण सम्पन्न भई सञ्चालनको तयारी भइरहेको छ । त्यस्तै केरखा-कोरोबारी र गौरादह-कोहोबारा जोड्ने अप्टिकल नेटवर्क जडान सम्पन्न भई स्प्लाइसिङ र टेस्टिङको चरणमा छ । स्याफ्रुबेसी-रसुवागढी १५ किलोमिटर मध्ये १० किलोमिटर ट्रेन्चिङ र डक्टिङ कार्य सम्पन्न भइसकेको छ भने बाँकी खण्डमा ट्रेन्चिङ र डक्टिङ कार्य भइरहेको छ ।

अप्टिकल फाइबर नेटवर्कमार्फत पहाडी जिल्लाका सदरमुकामहरु र विभिन्न जिल्लाका नगरपालिका तथा सहरोन्मुख क्षेत्रहरु आवद्ध हुने छन् । ती पहाडी जिल्लाहरु भोजपुर, संखुवासभा, खोटाङ, रामेछाप, दोलखा, मुस्ताङ, दैलेख, डडेलधुरा, डोटी, अछाम र



बैतडी लगायतका जिल्लाहरु हुन् । यसबाट हाल सञ्चालनमा रहेका ३८ एक्सचेन्ज, ३४ बीटीएस र १९ रिपिटरहरुमा अप्टिकल फाइबर जोडिने छन् ।

हालसम्म नेपाल टेलिकमले कुल ५७ वटा जिल्लामा अप्टिकल फाइबर नेटवर्क विस्तार गरिसकेको छ र चालु आयोजना सम्पन्न हुँदा कुल ६४ जिल्ला सदरमुकाममा अप्टिकल फाइबर नेटवर्क विस्तार कार्य सम्पन्न हुनेछ । मुलुकभरका ७७ जिल्ला सदरमुकाममा अप्टिकल फाइबर नेटवर्क विस्तार गर्ने लक्ष्य पूरा गर्न बाँकी रहेका थप १३ जिल्लामा हाल सर्भे कार्य प्रारम्भ भइसकेको छ । यी जिल्लामा उपयुक्त प्रविधि प्रयोग गरी चरणबद्ध रुपमा कार्य सम्पन्न गर्ने योजना रहेको छ ।

कम्पनीले यस अघि नै विभिन्न चरणमा पाल्पा, पर्वत, बागलुङ, उदयपुर, सुर्खेत, धनकुटा, तेह्रथुम, सल्यान, स्याग्दी, गोर्खा, इलाम, पाँचथर, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, स्याङजा, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा, लमजुङ र रसुवा जिल्लाका सदरमुकामलाई अप्टिकल फाइबर नेटवर्कबाट जोड्ने कार्य सम्पन्न गरिसकेको छ । अप्टिकल फाइबर नेटवर्क विस्तार भएपछि कम्पनीको भ्वाइस र डाटा सेवा अझ गुणस्तरीय हुनेछ । कम्पनीको ब्याकबोन प्रसारण निर्देशनालय, अप्टिकल आयोजना कार्यान्वयन विभागले यो योजनालाई अगाडि बढाइरहेको छ ।

# टेलिकमको समर अफर

नेपाल टेलिकमले ग्राहकहरुका लागि समर अफर (Summer Offer) को रुपमा विभिन्न प्याकेजहरु उपलब्ध गराएको छ। उक्त अफर गत बैशाख २६ देखि लागू भएको छ। अफर आगामी २०७५ साउन २६ गते सम्म लिन सकिने छ।

### विकेन्ड प्याक

जीएसएम/सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा विकेन्ड प्याक अफर प्रयोग गर्न सकिन्छ। विकेन्ड प्याक अन्तर्गत शुक्रबार, शनिबार र आइतबार प्रत्येक दिन १ जीबी डाटा प्रयोग गर्न सकिन्छ। यो प्याक जुनसुकै दिन सब्सक्राइव गर्न मिले पनि प्रयोग गर्न भने शुक्रबार, शनिबार र आइतबार मात्र मिल्छ। यो प्याक एक सय रुपैयाँमा प्राप्त हुन्छ र सात दिनसम्म यसको समयावधि हुन्छ।

### अल टाइम डाटा प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा अल टाइम डाटा प्याक प्रयोग गर्न सकिन्छ। कम्पनीले पहिलेदेखि नै उपलब्ध गराएका विभिन्न प्याकेजमा ५० प्रतिशत थप बोनस डाटा उपलब्ध गराएको छ। यी सबै डाटा चौबिसै घण्टा उपभोग गर्न सकिन्छ।

अब थप बोनस समेत गरी अल टाइम डाटा प्याक अन्तर्गत १० रुपैयाँमा तीन दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ३० एमबी डाटा उपलब्ध हुनेछ। त्यसैगरी २५ रुपैयाँमा सात दिनसम्म ९० एमबी डाटा उपलब्ध हुनेछ। ५० रुपैयाँमा १४ दिनसम्म १९० एमबी डाटा, १ सय रुपैयाँमा २८ दिनसम्म ६०० एमबी डाटा, २०० रुपैयाँमा २८ दिनसम्म १२७५ एमबी डाटा, ३०० रुपैयाँमा २८ दिनसम्म २२५० एमबी डाटा र ५०० रुपैयाँमा २८ दिनसम्मका लागि ५२५० एमबी डाटा उपलब्ध हुनेछ।

### नाइट डाटा प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा नाइट डाटा प्याक प्रयोग गर्न सकिन्छ। नाइट डाटा प्याक राती १० बजेदेखि बिहान ६ बजेसम्म चलाउन पाइने छ।

नाइट डाटा प्याक अन्तर्गत अब १५ रुपैयाँमा २२५ एमबी डाटा ३ दिनसम्म प्रयोग गर्न सकिने छ। त्यसैगरी ४५ रुपैयाँमा ७५० एमबी डाटा ७ दिनसम्म र ९० रुपैयाँमा १८०० एमबी डाटा १५ दिनसम्म चलाउन पाइने छ। यो वाहेक २०० रुपैयाँमा ४६०८ एमबी डाटा र ३०० रुपैयाँमा ९९८४ एमबी डाटा ३० दिनसम्म चलाउन पाइने छ।

नाइट डाटा प्याकमा अनलिमिटेड अफर पनि उपलब्ध छ। सो अनुसार १५ रुपैयाँमा १ रातका लागि, ८५ रुपैयाँमा ७ रातका लागि र २४० रुपैयाँमा ३० रातका लागि अनलिमिटेड डाटा उपलब्ध हुन्छ। प्रत्येक रात १ जीबी डाटा थ्रिजी/फोरजीको गतिमा चल्ने छ र त्यसपछि २ सय ५६ केबीपीएसको गतिमा चल्ने छ।

### सोसियल मिडिया प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा सोसियल मिडिया प्याक अन्तर्गत सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र ट्विटर चलाउन सकिने छ। यस अन्तर्गत १२ रुपैयाँमा ७५ एमबी डाटा ३ दिन, २५ रुपैयाँमा १६५ एमबी डाटा ७ दिन र ५० रुपैयाँमा ३४५ एमबी डाटा १४ दिनका लागि उपलब्ध हुनेछ। त्यसैगरी १०० रुपैयाँमा ७५० एमबी डाटा र २०० रुपैयाँमा १६५० एमबी डाटा २८ दिन समयावधिका लागि उपलब्ध हुनेछ।

### डाटा स्ट्रिमिङ प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा स्ट्रिमिङ प्याक अन्तर्गत यूट्युब र वाउटाइम एप्स चलाउन सकिने छ। यस अन्तर्गत ११५ रुपैयाँमा १८०० एमबी डाटा भोल्युम प्राप्त हुनेछ। यो प्याकेज २१ दिनको अवधिसम्म प्रयोग गर्न सकिने छ। त्यसैगरी ८० रुपैयाँमा १२०० एमबी डाटा १४ दिन अवधिका लागि, ४५ रुपैयाँमा ६०० एमबी डाटा ७ दिन अवधिका लागि र १० रुपैयाँमा १५० एमबी डाटा १ दिन अवधिका लागि उपलब्ध हुनेछ।

### फोरजी डाटा प्याक

जीएसएमका फोरजी ग्राहकका लागि फोरजी डाटा प्याक अन्तर्गत १२ रुपैयाँमा ६० एमबी डाटा ३ दिनका लागि, ५० रुपैयाँमा ४०० एमबी डाटा ७ दिनका लागि र १०० रुपैयाँमा १००० एमबी डाटा १४ दिनका लागि उपलब्ध हुनेछ। त्यसैगरी २०० रुपैयाँमा २४०० एमबी, ३०० रुपैयाँमा ४००० एमबी र ५०० रुपैयाँमा ७२०० एमबी डाटा २८ दिन समयावधिका लागि उपलब्ध हुनेछ।

### १ जीबी प्याक

यस प्याक अन्तर्गत जीएसएम थ्रीजी र फोरजी प्रयोगकर्ताहरुले प्रतिदिन चलाउनका लागि १ जीबी प्याक उपलब्ध हुन्छ। प्याक अन्तर्गत ४५ रुपैयाँमा १ दिनका लागि १ जीबी, २५० रुपैयाँमा ७ दिनका लागि ७ जीबी र ८५० रुपैयाँमा २८ दिनका लागि २८ जीबी डाटा प्राप्त हुनेछ। यस अन्तर्गत बोनसको रुपमा प्रत्येक दिन २० मिनेट चलाउन मिल्ने गरी डाटा स्ट्रिमिङ प्याक पनि उपलब्ध हुनेछ। स्ट्रिमिङ प्याक बढीमा ४ सय एमबी चलाउन पाइने छ। सो प्याक जुनसुकै समयमा पनि चलाउन सकिने छ।

### अल टाइम भ्वाइस प्याक

जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा कम्पनीकै नेटवर्कभित्र भ्वाइस प्याक प्रयोग गर्न सकिने छ। यस अन्तर्गत एक दिनका लागि १० रुपैयाँमा ११ मिनेट भ्वाइस कल प्राप्त हुने व्यवस्था गरिएको छ। त्यसैगरी २५ रुपैयाँमा ३० मिनेटको प्याकेज ३ दिन अवधिका लागि उपलब्ध छ। ५० रुपैयाँमा ५ दिनका लागि ७५ मिनेट, १०० रुपैयाँमा १० दिनका लागि २०० मिनेट, २०० रुपैयाँमा २८ दिनका लागि ४१० मिनेट, ३०० रुपैयाँमा ३० दिनका लागि ६५० मिनेट र ५५० रुपैयाँमा ६० दिनका लागि १२०० मिनेट कल उपलब्ध गराइएको छ। सो कल जुनसुकै समयमा पनि गर्न सकिन्छ।

### नाइट टाइम भ्वाइस प्याक

नाइट टाइम भ्वाइस प्याक अन्तर्गत १० रुपैयाँमा ३ दिनसम्म ७० मिनेट र २५ रुपैयाँमा ७ दिनसम्म कम्पनीकै नेटवर्कभित्र २५० मिनेट कल गर्न सकिने छ। सो प्याक राती १० बजेदेखि बिहान ६ बजेसम्म मात्र प्रयोग गर्न सकिने छ।

### सीयूजी प्याकेज

कम्पनीले कर्पोरेट ग्राहकहरुका लागि कन्भर्ज्ड सीयूजी (कर्पोरेट युजर ग्रुप) प्याकेज उपलब्ध गराएको छ। जीएसएम/सीडीएमएका प्रिपेड/पोष्टपेड सबैमा यो सुविधा उपलब्ध हुनेछ। कर्पोरेट ग्रुपका विभिन्न समूहलाई उपयुक्त हुने गरी २ सय, ४ सय, ७ सय, १ हजार, १३ सय र १६ सय रुपैयाँको विभिन्न दरका सीयूजी प्याकेजहरु उपलब्ध गराइएको छ।

जीएसएम प्रिपेड ग्राहकका लागि मात्र उपलब्ध हुने गरी २०० रुपैयाँको प्याकेज उपलब्ध गराइएको छ। यसबाट ६५ मिनेट भ्वाइस कल गर्न तथा १२५ एमबी डाटा चलाउन र २५ वटा एसएमएस पठाउन सकिन्छ।

प्रिपेड र पोष्टपेड दुवै ग्राहकलाई हुने गरी सबैभन्दा सस्तो प्याकेज ४०० रुपैयाँमा उपलब्ध हुनेछ। यस अन्तर्गत सीयूजी ग्रुप भन्दा बाहिर कम्पनीकै नेटवर्कमा १५० मिनेट भ्वाइस कल गर्न तथा ३०० एमबी डाटा चलाउन र ५० वटा एसएमएस पठाउन सकिने छ। त्यसैगरी ७०० रुपैयाँमा ३०० मिनेट भ्वाइस कल गर्न, ८०० एमबी डाटा चलाउन र १०० वटा एसएमएस पठाउन सकिने छ। यो वाहेक १००० रुपैयाँमा ४५० मिनेट भ्वाइस कल गर्न, १५०० एमबी डाटा चलाउन र १५० वटा एसएमएस पठाउन सकिने छ। १३०० रुपैयाँमा ६०० मिनेट भ्वाइस कल गर्न, २१०० एमबी डाटा चलाउन र २०० वटा एसएमएस पठाउन तथा १६०० रुपैयाँमा ७५० मिनेट भ्वाइस कल गर्न, २७०० एमबी डाटा चलाउन र २५० वटा एसएमएस पठाउन सकिने छ। सबै प्याकेजमा रहेका ग्रुप सदस्यहरु बीचमा भने असीमित भ्वाइस कल गर्न सकिने छ।

### वाउ टीभी आवरली प्याक

यो प्याक प्रयोग गरी वाउ टाइम टीभी एप्समार्फत टीभी हेर्न सकिने छ। यस अन्तर्गत २० रुपैयाँमा १ घण्टाका लागि ४०० एमबी, ३५ रुपैयाँमा २ घण्टाका लागि ८०० एमबी र ५० रुपैयाँमा ३ घण्टाका लागि १२०० एमबी डाटा उपलब्ध हुनेछ। सो प्याक जुनसुकै समयमा पनि प्रयोग गर्न सकिन्छ।

### एफटीटीएचको नयाँ महसुल

समर अफर अन्तर्गत एफटीटीएच ग्राहकको लागि नयाँ महसुल दर निर्धारण गरिएको छ। व्यक्तिगत र कर्पोरेट ग्राहकका लागि फरक फरक महसुल दर तोकिएको छ।

पहिले एडीएसएल प्रयोग गरिरहेका ग्राहकले एफटीटीएच प्रयोग गर्न चाहेमा उनीहरुका लागि छुट्टै महसुल दर निर्धारण गरिएको छ। यस्ता ग्राहकका लागि ८ एमबीपीएस गतिको एफटीटीएच उपलब्ध गराइने छ। त्यस्ता ग्राहकका लागि १ महिनाको ७००, ३ महिनाको २ हजार, ६ महिनाको ३ हजार ७ सय ५० र १ बर्षको ७ हजार महसुल निर्धारण गरिएको छ।


नयाँ व्यक्तिगत ग्राहकका लागि १८, ३५ र ५५ एमबीपीएससम्म गतिको एफटीटीएच उपलब्ध गराइने छ। १८ एमबीपीएस गतिको एफटीटीएचको ३ महिनाको ४ हजार, ६ महिनाको ७ हजार र १ बर्षको १२ हजार महसुल हुनेछ। त्यसैगरी ३५ एमबीपीएस गतिको एफटीटीएचको ३ महिनाको ५ हजार, ६ महिनाको ८ हजार र १ बर्षको १४ हजार तथा ५५ एमबीपीएस गतिको एफटीटीएचको ३ महिनाको ५ हजार ५ सय, ६ महिनाको ९ हजार र १ बर्षको १६ हजार रुपैयाँ महसुल हुनेछ।

कर्पोरेट ग्राहकहरुका लागि १० र २० एमबीपीएस गतिको अनलिमिटेड एफटीटीएच उपलब्ध हुनेछ। १० एमबीपीएस गतिको एफटीटीएचको ३ महिनाको ९ हजार, ६ महिनाको १६ हजार र १ बर्षको ३० हजार महसुल हुनेछ। त्यसैगरी २० एमबीपीएस गतिको एफटीटीएचको ३ महिनाको १७ हजार, ६ महिनाको ३२ हजार र १ बर्षको ६० हजार रुपैयाँ महसुल हुनेछ।

### इन्डिया कल अफर

नेपालबाट भारतमा कल गर्नका लागि अब सस्तो दरको प्याकेज लिन सकिने भएको छ। यसका लागि कम्पनीले डेली प्याक, विक्ली प्याक र मन्थ्ली प्याक गरी तिन प्रकारको प्याक अफर ल्याएको छ। डेली प्याक अन्तर्गत ३५ रुपैयाँमा १५ मिनेट कल गर्न सकिने छ। सो प्याक १ दिनका लागि मात्र उपलब्ध हुनेछ। त्यसैगरी विक्ली प्याक अन्तर्गत १५० रुपैयाँमा ६५ मिनेट र मन्थ्ली प्याक अन्तर्गत ५०० रुपैयाँमा २२५ मिनेट कल गर्न सकिने छ। यी प्याक क्रमश: ७ दिन र एक महिनासम्म प्रयोग गर्न सकिने छ। प्याकबाट प्रतिमिनेट २ रुपैयाँ २२ पैसासम्मको सस्तो दरमा भारतमा कल गर्न सकिने छ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# मा डायल गर्नु पर्ने छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यस सम्बन्धी जानकारी लिन सकिन्छ।




# कम्पनीको परिमार्जित मोबाइल एप

नेपाल टेलिकमले आफ्नो मोबाइल एप 'नेपाल टेलिकम' (Nepal Telecom) लाई परिमार्जन गरी नयाँ रुपमा प्रस्तुत गरेको छ । नयाँ एपमार्फत नेपाल टेलिकमका जीएसएम, सीडीएमए, पीएसटीएन र एडीएसएलगायतका सेवाहरुको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

यो एपमा लग इन गर्नासाथ मोबाइलमा भएको ब्यालेन्स रकम तथा नेपाल टेलिकमको प्याकेज खरिद गरेको भए सो बारे जानकारी प्राप्त गर्न सकिन्छ । पछिल्लो अवस्थामा विभिन्न प्रकारका प्याकेज खरिद गरी सेवा उपभोग गर्ने प्रचलन बढ्दै गएकाले विशेष गरी त्यस्ता प्याकेज खरिद गर्नका लागि यो एपबाट सहज हुने छ ।

त्यसैगरी FNF Service बाट नेपाल टेलिकमका आफूले चाहेका ५ वटा नम्बरमा सस्तो दरमा कल गर्नका लागि सेवा सुचारु गर्न सकिन्छ । विभिन्न सेवाको लागि आवश्यक रकम रिचार्ज गर्न र जीएसएम प्रिपेडबाट ब्यालेन्स ट्रान्सफर गर्नसमेत यसबाट सहज हुन्छ । पिन कोड राखेर वा रिचार्ज कार्ड स्क्यान गरेर पनि यसबाट रिचार्ज गर्न सकिन्छ । हाल स्क्यान गर्ने सुविधा एन्ड्रोइड मोबाइलमा मात्र उपलब्ध छ । यो एपमार्फत आफ्नो मोबाइलबाट नेपाल टेलिकमको कुनै अर्को मोबाइलमा विभिन्न प्याकेजहरु गिफ्ट दिन पनि सकिन्छ ।

साथै रिचार्ज कार्डबाट कम्पनीका विभिन्न सेवाको बिल भुक्तानी पनि यही एपमार्फत गर्न सकिन्छ । कम्पनीको फेसबुक लगायतका सोसल मिडियासमेत यहीँबाट प्रयोग गर्न सकिन्छ ।

यस एपबाट १००, १०१, १०२ जस्ता इमर्जेन्सी नम्बरहरु डायल गरी आवश्यक सेवा लिनुका साथै १९७, १४९८ आदि नम्बरमा डायल गरी कम्पनीका विभिन्न सेवाका बारेमा सोधपुछ गर्न पनि सकिन्छ । उक्त एपमा कम्पनीले उपलब्ध गराउदै आएका सम्पूर्ण सेवाहरुको महसुल दर बारे जानकारी लिन पनि सकिन्छ । भविष्यमा अन्य सेवाहरु पनि थप गर्दै लैजाने योजना रहेको छ ।

गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट 'नेपाल टेलिकम' (Nepal Telecom) एप डाउनलोड गरी नेपाल टेलिकमको मोबाइल नम्बरमार्फत रजिष्टर गरे पछि यो एप चलाउन सकिन्छ ।

# Missed Call Alert पुनः सञ्चालन

नेपाल टेलिकमले मिस्ड कल एलर्ट (Missed Call Alert - MCA) सेवालाई पुनः सञ्चालन गरेको छ । गणतन्त्र दिवस २०७५ को अवसरमा कम्पनीले सो सेवा गत जेठ १५ गतेदेखि पुनः सञ्चालनमा ल्याएको हो ।

जीएसएम पोष्टपेड तथा प्रिपेड मोबाइलमा यो सेवा उपलब्ध छ । यो सेवा शुभारम्भ गरे पश्चात् सेवाग्राहीको नम्बर व्यस्त भएको अवस्थामा, नेटवर्क नभएको अवस्थामा र स्वीच अफ भएको अवस्थामा कसैको कल आएमा पछि त्यसको बारेमा एसएमएस मार्फत नोटिफिकेसन आउनेछ ।

सेवा शुभारम्भ गर्नको लागि उपभोक्ताले sub mca लेखेर १४०० मा एसएमएस गर्ने वा *1400# डायल गर्नुपर्ने हुन्छ ।

नेपाल टेलिकमको जीएसएम मोबाइल फोन प्रयोगकर्ताहरुलाई शुरुमा यो सेवा १५ दिनका लागि कम्पनीले निःशुल्क उपलब्ध गराएको थियो । अब भने यसका लागि मासिक रुपमा ५ रुपैयाँ शुल्क लाग्ने छ ।

यस्तैगरी गणतन्त्र दिवसकै अवसरमा कम्पनीले १८ रुपैयाँमै एक घण्टासम्म भ्वाइस, एसएमएस र डाटा चलाउन सकिने 'अनलिमिटेड प्याक' अफर ल्याएको थियो । यो अफरको अवधि जेठ २८ गतेसम्म रहेको थियो ।

# विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण



विश्व वातावरण दिवस (जुन ५) को अवसरमा नेपाल टेलिकमले देशका विभिन्न स्थानका कार्यालय परिसरमा वृक्षारोपण गरेको छ ।

सो अवसरमा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले काठमाडौ क्षेत्रीय निर्देशनालय, दूरसञ्चार कार्यालय लुभुको कार्यालय परिसरमा वृक्षारोपण गर्नुभयो । उहाँले विश्व वातावरण दिवसको नारा जस्तै एक कर्मचारीले एक फलफुलको विरुवा रोपेमा कार्यालय परिसर पनि स्वच्छ हुने भएकाले विरुवा रोप्न आग्रह गर्नु भयो ।

उक्त अवसरमा प्रबन्ध निर्देशक राजभण्डारीले दूरसञ्चार कार्यालय लुभुको निरीक्षण गर्नुका साथै ग्राहकहरुको गुनासोलाई यथाशीघ्र समाधान गरी प्रभावकारी सेवा उपलब्ध गराउन निर्देशन दिनुभएको थियो ।

सो अवसरमा कम्पनीका प्रमुख मानव संसाधन अधिकृतका साथै अन्य कर्मचारीहरु पनि वृक्षारोपण कार्यमा सहभागी हुनु भएको थियो ।

विश्व वातावरण दिवसको अवसरमा गत जेठ २१ गते क्षेत्रीय निर्देशनालय भैरहवा, विराटनगर र धनगढीका साथै कम्पनीका अन्य कार्यालय परिसरमा पनि विरुवा रोपिएको थियो ।

विश्व वातावरण दिवसको अवसरमा नेपाल सरकारले 'एक नेपाली एक फलफुलको विरुवा २०७५' अभियान सञ्चालन गरेको छ । सोही अभियानका लागि नेपाल टेलिकमले पनि वृक्षारोपण कार्यक्रम गरेको हो ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।
Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**